# जोरायल राजपत्र

जोरायल गाँपालिकाद्वारा प्रकाशित

खण्डः-९ संख्याः-८ मिति २०८२ पुष २५ गते

## भाग २

## जोरायल गाँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं. ८

# महिला समुह तथा महिला सञ्जाल गठन, सञ्चालन एंव व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः** सामुहिक प्रयासबाट महिलाको हित प्रवर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाहरुको हक, हितको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापित गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहने गरी एक टोल, एक महिला समूह गठन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम जोरायल गाँपालिकाले यो कार्यविधि बनाएको छ।

**१. सक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "जोरायल गाँपालिकाको महिला समुह तथा महिला सञ्जाल गठन, सञ्चालन एंव व्यवस्थापन कार्यविधि, २०८२" रहको छ।

(२) कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि यो कार्यविधि लागु हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले जोरायल गाँपालिकाको अध्यक्षलाई जनाउँछ।

(ख) "उपाध्यक्ष" भन्नाले जोरायल गाँपालिकाको उपाध्यक्षलाई जनाउँछ।

(ग) "वडाध्यक्ष" भन्नाले जोरायल गाँपालिकाको वडाध्यक्षलाई जनाउँछ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले जोरायल गाँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ।

(ङ) "गाँपालिका" भन्नाले जोरायल गाँपालिकालाई जनाउँछ।

(च) "कार्यपालिका" भन्नाले जोरायल गाँपालिकाको कार्यपालिकालाई जनाउँछ।

**३.** <u>**उद्देश्यः**</u> महिला समूह सञ्चालनको मुख्य उद्देश्य देहाय बमोजिम रहनेछन्।

(क) टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा उक्त टोलबासीका महिलाहरुको पहुँच अभिवृद्धि गर्ने,

(ख) गाउँ समुदायदेखि स्थानिय स्तरमा हुने विभिन्न कार्यक्रमहरुमा महिलाहरुको सहभागिता सुनिश्चित गर्ने

(ग) महिलाहरुलाई सामाजिक, आर्थिक, राजनीतिक लगायतका विषयहरुमा जागरुक गराउँदै उनीहरुको हक अधिकार प्रति सचेत गराउने ,

(घ) समाजमा विद्यमान लैङ्गिक असमानतालाई अन्त्य गर्दै सामाजिक न्याय एवं समानता कायम गर्ने,

(ङ) समाजमा पछाडि परेका महिलाहरुलाई विभिन्न

जनचेतनामुलक कार्यक्रमहरुमा सहभागि गराएर अगाडि बढ्न अभिप्रेरित गर्ने,

(च) विभिन्न सीपमुलक तालिमहरु सञ्चालन गरी आयआर्जनका क्षेत्रमा महिलालाई अगाडि बढाई आर्थिक रुपमा सबल बनाउन सहयोग गर्ने,

(छ) पिछडिएका क्षेत्रहरुमा भईरहेका महिला हिंसा, घरेलु हिंसा तथा मानव बेचबिखन जस्ता समस्याहरुबाट महिला तथा बालबालिकाहरुलाई जोगाउन सहयोग गर्ने,

(ज) समुदायस्तरमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एवं समताको भावना जागृत गराउँने ,

(झ) समाजका निति निर्माण लगायत विकास निर्माणका कार्यमा



जोरायल गाउँपालिका

महिलालाई अग्रसर गराउदा बौद्धिक एवं आर्थिक रुपमा सक्षम बनाउन सहयोग गर्ने।

४. **कार्यक्रम कार्यान्वयन समितिः** कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनको लागि तपशिलको अनुसारको समिति रहने छ।

(क) गाँपालिका उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कार्यपालिका महिला सदस्य मध्ये कुनै २ जना -सदस्य

(घ) महिला तथा बालविकास शाखा प्रमुख -सदस्य सचिव

५. **कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः** कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ;

(क) महिला समूहका पदाधिकारी तथा सदस्यहरुलाई क्षमता विकासको लागि नीति, योजना

र कार्ययोजना तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने।

(ख) महिला लक्षित तथा महिलाहरुलाई प्रत्यक्ष लाभ हुने किसिमका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण तथा सहजीकरण गर्ने।

(ग) समितिका प्रतिनिधिहरुसँग समय समयमा परामर्श गरी उनीहरुका सवालहरु संवोधनका लागि नीतिगत पहल गर्ने,

(घ) संघ, प्रदेश तथा गाँपालिका आफैले लिएका महिला लक्षित नीति तथा प्रचलित कानुनमा भएका व्यवस्थाहरुको कार्यान्वयनको अनुमगन, मूल्यांकन गरी पहिचान भएका

सुधारका क्षेत्रमा आवश्यक पहल गर्ने।

(ङ) समूहमा कुनै किसिमको विवाद उत्पन्न भएका त्यसको समाधानका लागि आवश्यक सहजीकरण गर्ने।

६. **<u>टोल स्तरीय महिला समूह गठनः</u>** (१) गाँपालिकाको प्रत्येक टोलमा महिला मात्र रहने गरी एक घर एक महिला रहने गरी एक महिला समूह गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने महिला समूहको कम्तिमा ७ देखि १५ जना सम्म रहेको देहायबमोजिमको एक कार्य समिति रहनेछ।

(क) अध्यक्ष १ जना

(ख) उपाध्यक्ष १ जना

(ग) सचिव १ जना

(घ) कोषाध्यक्ष १ जना

(ङ) सदस्य ३ देखि ११ जना सम्म।

(३) उपदफा (२) बमोजिम कार्यसमितिको कार्यकाल दुई बर्षको हुनेछ।



जोरायल गाँउपालिका

(४) समूहको प्रमुख पदहरुमा एकै व्यक्ति लगातार दुई कार्यकाल भन्दा बढी बस्न पाउने छैन।

(५) यस दफा बमोजिम समूह गठन गर्दा कुनै टोलमा पहिले नै समूह गठन भएको छ भने साविकै समूहलाई निरंतरता दिइनेछ।

७. **<u>महिला समूहको काम र कर्तव्यहरुः</u>** टोल स्तरमा गठन हुने महिला समूहका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् ;

(क) गाँपालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने ,

(ख) अन्धविश्वाश, कुरीति, कुप्रथा, बाल विवाह, बहुविवाह जस्ता सामाजिक समस्या, विकृती, विसङ्गतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने,

(ग) धुम्रपान, मद्यपान तथा लागु पदार्थ दुर्व्यासनी निषेध गर्ने र जुवातास, बन्द गरी नमुना

गाउँको रुपमा स्थापित गर्दै लैजाने,

(घ) टोलमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरी शिक्षित, सभ्य, सुसंस्कृत र सुसुचित टोल र समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

(ङ) समानतामा आधारित पँहुच, समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने,

(च) महिलाको आयआर्जनमा सहयोग पुग्ने बिभिन्न गतिविधिहरु सामुहिक वा व्यक्तिगत रुपमा सञ्चालन गर्न सदस्यहरुलाई उत्पेरित गर्ने,

(छ) उपयुक्त हुने स्थानमा होमस्टेको शुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतीको

प्रदर्शनमार्फत आन्तरीक तथा वाह्य पर्यटन प्रवर्दशनमा सहयोग पुर्याउने।

(ज) गाँपालिकाले तोकेका अन्य कार्य गर्ने।

८. **वडास्तरीय महिला सञ्जाल गठनः** (१) वडाभित्र प्रत्येक टोलमा भएका महिला समूहका अध्यक्ष रहेको एक वडास्तरीय महिला समन्वय समिति रहनेछ,

(२) वडास्तरीय महिला समन्वय समितिमा सहमतीका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन्।

(३) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित वडा समितिका महिला सदस्यहरु आमन्त्रित सदस्यका रुपमा रहनेछन्।

(४) यस दफा बमोजिमको समन्वय समितिको सदस्य सचिवको रुपमा वडा सचिव रहनेछन्।

९. **वडास्तरीय महिला सञ्जालका काम तथा कर्तव्यः** (१) वडास्तरीय महिला सञ्जालले देहायका कार्य गर्नेछ।

जोरायल गाउँपालिका

(क) महिला समूहहरुको संस्थागत विकासका लागि आवश्यक नीति, योजना र कार्ययोजनाहरु बनाई कार्यान्वयन गर्ने।

(ख) समूह तथा समूहमा आवद्ध महिलाहरुका सवालहरुलाई गाँपालिकाको बार्षिक योजनामा समावेश गर्नका लागि महिला समूह र गाँपालिका बीचको समन्वयकारी भूमिका निर्वाह गर्ने।

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सबालहरु, विकृती तथा विसङ्गतीका विषयहरुमा छलफल गरी निराकरणका लागि वडासमक्ष सुझाव तथा सल्लाह दिने,

(घ) समाजमा हुने बिभिन्न प्रकारका लैंगिक हिंसाको निरवारणका

लागि आवश्यक सहजीकरण गर्ने।

(ङ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका विषयमा सत्य, तथ्य विवरण सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने,

(च) शिक्षित सभ्य, सुसंस्कृत तथा नमुना वडा निर्माणका लागि विकल्पको खोजि गरी लागू गर्ने,

(छ) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापित गरी महिला समूहको उत्थानमा सहजीकरण गर्ने।

१०. **गाँपालिका स्तरीय महिला सञ्जाल गठनः** महिलाको आर्थिक, सामाजिक, लैङ्गिक, सांस्कृतिक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न गाँपालिका उपाध्यक्षको संरक्षक रहने गरी एक



जोरायल गाउँपालिका

गाँपालिका स्तरीय महिला सञ्जाल गठन गरीनेछ। जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्।

(क) प्रत्येक वडास्तरीय महिला समन्वय समितिको अध्यक्षहरु सदस्य रहने गरी गाँपालिका स्तरीय महिला सञ्जाल रहनेछ।

(ख) यसरी गठन हुने गाँपालिका स्तरीय महिला सञ्जालमा सहमतिका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन्।

(ग) यसरी गठन हुने गाँपालिका स्तरीय महिला सञ्जालमा सञ्जालको सचिवको रुपमा महिला तथा बालबालिका विकास शाखा प्रमुख रहनेछन्।

(घ) गाँपालिका स्तरीय समितिमा कार्यपालिकाका महिला सदस्यहरु आमन्त्रित सदस्यको रुपमा रहनेछन्।

जोरायल गाँउपालिका

११. **गाँपालिका स्तरीय महिला सञ्जालको काम र कर्तव्य र अधिकारः** गाँपालिकामा गठन हुने महिला सञ्जालले देहायका कार्यहरु गर्नेछ।

(क) महिला अधिकार, महिलाका विविध सबालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँ कार्यपालिकालाई सुझाव तथा सल्लाह दिने ,

(ख) नमुना टोलस्तरीय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि गाँपालिकालाई सिफारिस गर्ने,

(ग) महिलाहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाँपालिकालाई सिफारिस गर्ने,

(घ) महिलालाई सुरिक्षत मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने



जोरायल गाउँपालिका

र सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ङ) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(च) महिला अधिकारमैत्री गाँपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने।

१२. **<u>महिला समूह/सञ्जाल सूचिकृत हुनुपर्नेः</u>** (१) टोल स्तरमा गठन भएका महिला समुहहरु देहायका विवरण सहित वडा कार्यालयमा सुचिकृत हुनुपर्नेछ।

(क) समिति गठन सम्बन्धी भेलाको निर्णय

(ख) समूहको नाम

(ग) कार्य समितिका पदाधिकारीहरो सम्पर्क नम्बर सहित विवरण

(घ) समूह आवद्ध अन्य साधारण सदस्यहरुको विवरण

(२) उपदफा (१) बमोजिम समूहको नामकरण गर्दा पहिले नै सूचिकृत भएको समूहसँग नजुझने गर्नु पर्छ।

(३) उपदफा (१) बमोजिम सूचिकृत भएका समूहको विवरण वडा कार्यालयले बार्षिक रुपमा अध्यावधिक गरी गाँपालिकाको महिला तथा बालबालिका विकास शाखामा पठाउनु पर्नेछ।

(४) कुनै महिला समूहले यस कार्यविधिको उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाँपालिकाले जुनसुकै बखत त्यस्तो समूह खारेज गर्न सक्नेछ। यसरी दर्ता

खारेज भएपछि सो स्थानमा नयाँ महिला समूह गठन हुनेछ।

१३. **एक टोल एक महिला समूह हुनेः** प्रत्येक टोलमा एकभन्दा बढी महिला समूह रहने छैनन्।

१४. **पुरस्कृत गर्नेः** उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला समूहलाई गाँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ।

१५. **कोष सम्बन्धी व्यबस्थाः** महिला समुह र महिला सञ्जालले एउटा कोष खडा गरी उक्त कोषमा मासिक रुपमा बचत गरेको रकम, अनुदान र उक्त समुह/सञ्जालमा प्राप्त भएको रकम राख्न सक्नेछन। कोषमा भएको रकम न्युनतम ब्याजदरमा उत्पादनमुलक र आय आर्जनका कृयाकलापमा सदस्यहरुले आपसी समझदारीमा लगानी गर्न सक्नेछन।

१६. **विविधः** (१) यो कार्यविधि लागु हुनु भन्दा पहिले गठन भएका टोल स्तरीय महिला समुह, वडा स्तरीय महिला सञ्जाल तथा गाँपालिका स्तरीय महिला सञ्जाल यसै कार्यविधि अनुसार गठन भएको मानिने छ।

(२) यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा जोरायल गाँपालिकाले बनाएको कानुनसँग बाझिएमा बाझिएको हदसम्म बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन।

**१७.बाधा अड्काउ फुकाउः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाँपालिकाको कार्यपालिकाको निर्णय अनुसार अध्यक्षबाट बाधा अड्काउ फुकाउ गरिनेछ।

**आज्ञाले**

गणेश दत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाँउपालिका